बैठक संख्या-२५

मिति २०६४।४।८
बेलुका ५:०० बजे

आज मिति २०६४।४।८ गते सोमवारका दिन धरान उप-महानगर-पालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णय-हरु गरियो ।

उपस्थिति:

श्री टीकादत्त राई - कार्यकारी अधिकृत - धरान उप-महा-नगरपालिका

आमन्त्रित:

श्री गणेश प्रसाद खतिवडा - व. प्रशासकिय अधिकृत -
श्री खगेन्द्र प्रसाद खतिवडा व. कर अधिकृत
श्री सुरज श्रेष्ठ - व. ईन्जिनियर
श्री रमेश शाह - व. आन्तरिक लेखा परिक्षक
श्री शेषराज अधिकारी - व. लेखा अधिकृत
श्री राजु पोखरेल - ईन्जिनियर
श्री सुनील नेपाल - सामाजिक विकास अधिकृत

## निर्णयहरु

निर्णय नं. १: आय संकलन कार्य सम्बन्धमा : यस कार्यालयले संकलन गर्ने आन्तरिक आयश्रोत अन्तर्गत तपसिल बमोजिमको आय संकलनको कार्य आ.व. २०६४।६५ ठेक्का प्रक्रयाद्वारा संकलन गर्न यस उपमहानगरपालिका कार्यालयको नगर स्तरीय राजश्व परामर्श समितिको मिति २०६४।०४।०३ को बैठकले सिफारिस गरे अनुसार प्रक्रया अगाडी बढाउने निर्णय गरियो ।

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| (क) | परके सवारी कर (विभिन्न नाका) महादेव चोक, पाङशिला, स्कूलडाडा, सेउती नाका, रेल्वे, अमरहाट आदी नाकाहरु | ३००००।- | शिलवन्दि बोलपत्र आह्वान गरी ठेक्का मार्फत । |
| (ख) | परके व्यवसाय (हाटवजार) कर | ४२५०००।- | शिलवन्दि बोलपत्र आह्वान गरी ठेक्का मार्फत |
| (ग) | सवारी पार्किङ शुल्क (ढुवानीका सवारीबाहेक) | ६२५०००।- | शिलवन्दि बोलपत्र आह्वान गरी ठेक्का मार्फत |
| (घ) | सवारी पार्किङ शुल्क (ढुवानीका साधन) | १६५०००।- | संयुक्त यातायात व्यवसायी समिति मार्फत |
| (ङ) | पशुहाट (मवेशी) कर धरान-१३ | १०६५००।- | कृषिउपज वजार संचा- |

निर्णय नं २- म्याद थप सम्बन्धमा:- नेपाल सरकारको मिति २०७१।०१।२५ को निर्णयले पाँचकन्या गा.वि.स. धरान धरान उप-महानगरपालिकामा समायोजन हुँदा विगत २०५८ साल देखि नियुक्ती भई काम गरि रहेका सामाजिक परिचालक ईश्वर लामिछाने र सहजकर्ता निर्मला वस्नेत समेत धरान उप-महानगरपालिकामा आएका र निजहरुको नियुक्ति देखि हालसम्म निरन्तर कार्यरत रहेको साथै गा.वि.स. समायोजन हुँदा संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयले धरान उप-महानगरपालिकालाई दिएको निर्देशनमा समेत साविक गा.वि.स. मा कार्यरत कर्मचारीलाई काममा लगाउने निर्देशन भएकाले मिति २०७२।०१।२४ को निर्णय बाट नीजहरुको म्याद २०७२ असार मसान्त सम्मकालागि कार्यालय सहायक स्तर चौथो तहको पारिश्रमिक पाउने गरी म्याद थप गर्ने निर्णय भएकोलाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ३ कार्यालय संचालनको वैकल्पिक व्यवस्थापन गर्ने सम्बन्धमा:- मिति २०७२।०१।१२ गते गएको महा भुकम्प र सो पछि विशेष गरेर २०७२।०१।२९ गते गएको पराकम्पका कारण धरान उप-महानगरपालिकाका कार्यालयको पुरानो भवन चर्किएको हुँदा कार्यालय संचालन गर्न नसकिने अवस्था भएकाले उक्त पुरानो भवनमा संचालन भएका शाखा उपशाखाहरु मोती स्मृति भवन र लर्निङ्ग सेन्टरमा स्थानान्तरण गरी कार्य संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. ४ - नयाँ कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा:- पुरानो कार्यालय भवनलाई तत्काल भत्काएर नयाँ कार्यालय भवन निर्माण गर्ने भवनको डिजाइन गरी आगामी बैठकमा पेश गर्ने र नयाँ भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरिदिन संघिय मामिला तथा स्थानीय विकास मंत्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं- ५ : भवन निर्माणको स्वीकृति रोक्का सम्बन्धमा:- मिति २०७२।०१।१२ गते गएको महा भुकम्प र त्यस पछि गएका पराकम्पका कारण भएको धनजनको क्षतिलाई मध्य नजर गर्दै नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंह दरवार, काठमाडौंको च.नं. ४०९ को मिति २०७२।०२।०६ भवन निर्माण स्वीकृतीको रोक्का सम्बन्धि १० बुंदे निर्देशन पत्र अनुसार २०७२।०२।०६ गते देखिनै कार्यान्वयन गर्ने र सो को जानकारी पत्रपत्रिका

तथा एफ.एम. मार्फत सर्व साधारण सबैलाई जानकारी गराउने निर्णय गरियो ।

'७४

आजको बोर्ड बैठक बेलुका ६:०० बजे समाप्त गरियो। माइन्युटकर्ता भक्तिराज शर्मा